मेन्छयायेम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ्ग, तेह्रथुम

कोशी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

असार २७ गते, २०८०

गाउँ सभाबाट स्वीकृत मिति २०८०।०३।२७

**मेन्छयायेम गाउँपालिकाको आर्थिक ऐन, २०८०**

**मेन्छयायेम गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः** मेन्छयायेम गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमत्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मेन्छयायेम गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल साउन १ गतेदेखि मेन्छयायेम गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति करः** गाउँपालिका क्षेत्रभित्र **अनुसूची-१** बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत)ः** गाउँपालिका क्षेत्रभित्र **अनुसूची-२** बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

**४. घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तबरले बहालमा दिएकोमा **अनुसूची-३** बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा **अनुसूची-४** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचिलत कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता बस्तुको व्यवसायिकक कारोबार गरेबापत **अनुसूची-५** बमोजिम कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूची-६** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**८. विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन **अनुसूची-७** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**९. मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा **अनुसूची-८** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका **अनुसूची-९** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूची-१०** बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१२. सेवा शुल्क दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका **अनुसूची-११** मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१३. पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट **अनुसूची-१२** मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१४. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१५. कर तथा शुल्क संकलन सम्बन्धित कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धित कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**१६. खारेजी र बचाउः** यस अघि संकलन गरिएको गाउँपालिकाको आन्तरिक आय रकम यसै ऐन वमोजिम भएको मानिने छ ।

## अनुसूची-१
## ऐनको दफा २ सम्बन्धित

**१. सम्पत्ति करः** यस गाउँपालिकामा २०७६ साल साउन १ बाट सम्पत्ति कर लागू भएको सन्दर्भमा यस गाउँपालिका क्षेत्र भित्र रहेका घर जग्गाको दररेट अनुसार भौतिक संरचनाको मूल्याङ्कन गरी प्राप्त हुने मूल्यबाट तोकिएको वर्गीकरण अनुसारको संरचनाको आयुको आधारमा निर्धारित रकममा ह्रास कट्टि घटाई बाँकी रहन आउने भैतिक संरचनाको मूल्य र संरचनाले चर्चेको दोब्बर जग्गाको मूल्यमा जोडेर हुन आउने एकमुष्ठ कूल कर योग्य मूल्याङ्कनमा सम्पत्ति कर लगाइनेछ । यो कर यस गाउँपालिका भित्र रहेको सम्पूर्ण जग्गा र त्यसमा बनेको भौतिक संरचनाको एकमुष्ठ हुन आउने कर योग्य मूल्यमा तपसिल बमोजिम कर लगाईने र असुल उपर गरिने छ । सम्पत्ति कर प्रयोजनको लागि जग्गाको मूल्याङ्कन गाउँ स्तर गरी मूल्याङ्कन समितिले तोकेको र करदाताले स्वःघोषणा गरेको मध्ये जुन बढी हुन्छ सोही मान्य हुनेछ । सम्पत्ति कर प्रयोजनको लागि संरचनाको मूल्याङ्कन गाउँ स्तरीय मूल्याङ्कन समितिले तोके बमोजिम हुनेछ ।

**सम्पत्ति करको दर**

| क्र.सं. | सम्पत्ति करयोग्य सम्पत्तिको मूल्य | | आ.ब. २०८०।०८१ | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | कर रकम | |
| १ | १ | १ लाख २५ हजार | ५० | |
| २ | १ लाख २५ हजार १ | २ लाख ५० हजार | १०० | |
| ३ | २ लाख ५० हजार १ | ४ लाख | १५० | |
| ४ | ४ लाख १ | ६ लाख | २०० | |
| ५ | ६ लाख १ | ८ लाख | २५० | |
| ६ | ८ लाख १ | १० लाख | ३०० | |
| ७ | १० लाख १ | १२ लाख | ३५० | |
| ८ | १२ लाख १ | १४ लाख | ४०० | |
| ९ | १४ लाख १ | १६ लाख | ४५० | |
| १० | १६ लाख १ | १८ लाख | ५०० | |
| ११ | १८ लाख १ | २० लाख | ५५० | |
| १२ | २० लाख १ | २२ लाख | ६०० | |
| १३ | २२ लाख १ | २६ लाख | ८०० | |
| १४ | २६ लाख १ | ३० लाख | १००० | |
| १५ | ३० लाख १ | ३५ लाख | १४०० | |
| १६ | ३५ लाख १ | ४० लाख | १८०० | |
| १७ | ४० लाख १ | ४५ लाख | २६०० | |
| १८ | ४५ लाख १ | ५० लाख | ३२०० | |

| | | | | |
|---|---|---|---|---|
| १९ | ५० लाख १ | ६० लाख | ४००० | |
| २० | ६० लाख १ | ७० लाख | ६००० | |
| २१ | ७० लाख १ | ८० लाख | ८२०० | |
| २२ | ८० लाख १ | १ करोड | ११००० | |
| २३ | १ करोड १ | १ करोड ३० लाख | १४००० | |
| | **१ करोड ३० लाख १ भन्दा माथि** | | **२.५ प्रति हजार** | |

**अनुसूची-२**
**ऐनको दफा ३ सम्बन्धित**

**२. भूमिकर (मालपोत):-** यस गाउँपालिका क्षेत्र भित्र रहेका घर जग्गाको दररेट अनुसार भौतिक संरचनाले चर्चेका जग्गाको दोब्बर क्षेत्रफल कटाई बाँकी जग्गाको मूल्याङ्कन गरी प्राप्त हुने मूल्यबाट तोकिएको वर्गीकरण अनुसार एकमुष्ठ कूल कर योग्य मूल्याङ्कनमा भूमिकर (मालपोत) कर लागू हुनेछ । यो कर यस गाउँपालिका भित्र रहेको सम्पूर्ण जग्गाको हुन आउने कर योग्य मूल्यमा तपसिल बमोजिम कर लगाईने र असुल उपर गरिने छ । भूमिकर (मालपोत) कर प्रयोजनको लागी जग्गाको मूल्याङ्कन गाउँ स्तरीय मूल्याङ्कन समितिले तोकेको र करदाताले स्वघोषणा गरेको मध्ये जुन बढी हुन्छ सोही मान्य हुनेछ ।

**भूमिकरको दर**

| क्र.सं. | कर योग्य जग्गाको मूल्य | | आ.ब. २०८०।८१ | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | दर रू. | |
| १ | १ | १ लाख २५ हजार | ५० | |
| २ | १ लाख २५ हजार १ | २ लाख ५० हजार | १०० | |
| ३ | २ लाख ५० हजार | ४ लाख | १५० | |
| ४ | ४ लाख १ | ६ लाख | २०० | |
| ५ | ६ लाख १ | ८ लाख | २५० | |
| ६ | ८ लाख १ | १० लाख | ३०० | |
| ७ | १० लाख १ | १२ लाख | ३५० | |
| ८ | १२ लाख १ | १४ लाख | ४०० | |
| ९ | १४ लाख १ | १६ लाख | ४५० | |
| १० | १६ लाख १ | १८ लाख | ५०० | |
| ११ | १८ लाख १ | २० लाख | ५५० | |
| १२ | २० लाख १ | २२ लाख | ६०० | |
| १३ | २२ लाख १ | २६ लाख | ८०० | |
| १४ | २६ लाख १ | ३० लाख | १००० | |

| | | | | |
|---|---|---|---|---|
| १५ | ३० लाख १ | ३५ लाख | १४०० | |
| १६ | ३५ लाख १ | ४० लाख | १८०० | |
| १७ | ४० लाख १ | ४५ लाख | २६०० | |
| १८ | ४५ लाख १ | ५० लाख | ३२०० | |
| १९ | ५० लाख १ | ६० लाख | ४००० | |
| २० | ६० लाख १ | ७० लाख | ६००० | |
| २१ | ७० लाख १ | ८० लाख | ८२०० | |
| २२ | ८० लाख १ | १ करोड | ११००० | |
| २३ | १ करोड १ | १ करोड ३० लाख | १४००० | |
| २४ | १ करोड ३० लाख १ भन्दा माथि | | २.५० रूपैयाँ प्रति हजार | |

**अनुसूची ३**
**ऐनको दफा ४ सँग सम्बन्धित**

**३. घर वहाल करः-** गाउँपालिकाको आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रूपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल कर १० प्रतिशत लगाईने र असुल उपर गरिने छ । गाउँपालिकाको आफ्नो क्षेत्रमा आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत प्रति बर्ग फुट मासिक बहाल बिटौरी रू. २।- लगाईने र असुल उपर गरिने छ ।

**अनुसूची-४**
**ऐनको दफा ५ सँग सम्बन्धित**

**४. व्यवसाय करः-** यस गाउँपालिका भित्र का विभिन्न व्यवसायिक संस्थाहरूबाट बार्षिक निम्न बमोजिकको व्यवसायिक कर लगाईने र असुल उपर गरिने छ ।

| क्र.सं. | व्यापारिक बस्तुको नाम | आ.ब. २०८०।८१ कायम दर रू. | कैफियत |
|---|---|---|---|
| १ | रेडिमेड कपडा, जुत्तालगायत फेन्सी पसल | ५०० | |
| २ | निर्माण सामग्री हार्डवेयर पसल | ५०० | |
| ३ | डान्स, फिजिकल फिटनेस सेन्टर | ५०० | |
| ४ | पर्यटक रिसोर्ट | २००० | |
| ५ | ब्युटि पार्लर, श्रृंगार कस्मेटिक, ड्राइक्लिनर, फोटो स्टुडियो, सिलाइ कटाइ तथा टेलरिङ्ग सेवा | ३०० | |
| ६ | कुखुरा, बाखा, गाइ तथा अन्य पशुजन्य तथा फलफूल फर्म तथा व्यवसाय, जडिबुटी फर्म | ३०० | |
| ७ | स्टेसनरी, पुस्तक पसल | ५०० | |
| ८ | राष्ट्रिय गैर सरकारी संस्था | १००० | |
| ९ | होडिङ्ग बोर्ड पसल | ५०० | |
| १० | लघु उद्योग तथा घरेलु उद्योग | ५०० | |

| | | | |
|---|---|---|---|
| ११ | होटल एण्ड लज व्यवसाय | ७५० | |
| १२ | साधारण खाजा घर, क्यान्टिन व्यवसाय | ३०० | |
| १३ | साना चिया पसल | २०० | |
| १४ | साना किराना पसल | २०० | |
| १५ | **कुटानी पिसानी मिल** | ५०० | |
| | कुटानी पिसानी मात्र | ३०० | |
| | कुटानी पिसानी पेलानी चिउरा समेतको मिल | ५०० | |
| १६ | फर्निचर काठ मिल/वन उपभोक्ता समिति | ७५० | |
| १७ | चिया उद्योग | ७५० | |
| १८ | ठूला किराना पसल, होलसेल किराना पसल | ७५० | |
| १९ | भाडा पसल | ५०० | |
| २० | सुन पसल | ७५० | |
| २१ | एग्रोभेट पसल | ५०० | |
| २२ | औषधी पसल, क्लिनिक, ल्याब | ५०० | |
| २३ | विद्युतीय सामग्री | ५०० | |
| २४ | तरकारी पसल (मासु, सागसब्जी, फलफुल समेत) | ३०० | |
| २५ | **सहकारी संस्था सबै** | ५०० | |
| २६ | शीत भण्डार तथा दुग्ध चिस्यान केन्द्र | ५०० | |
| २७ | कुरियर सेवा | ३०० | |
| २८ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैङ्क, क वर्गको बैंक तथा वित्तीय संस्था, वित्तीय कारोबार इजाजत दर्ता | १०००० | |
| २९ | बैंक तथा वित्तीय कम्पनी ख, ग र घ वर्ग | ५००० | |
| ३० | बीमा कम्पनी | १००० | |
| ३१ | विदेशी मुद्रा सटही, रेमिटेन्स व्यवसाय | १००० | |
| ३२ | **शिक्षा सेवा** | | |
| | क) निजी क्षेत्रका स्कुल, कक्षा नर्सरीदेखि ३ सम्मा | १५०० | |
| | ख) निजी क्षेत्रका स्कुल कक्षा ३ देखि माथि ८ सम्म | २५०० | |
| | ग) निजी क्षेत्रका स्कुल कक्षा ९ देखि १२ सम्म | ४००० | |
| | घ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | २००० | |
| ३३ | मर्मत सेवा (रेडियो, टिभी, घडी, कुकर, हिटर, मोटरसाइकल, विद्युतीय सामग्री) | ५०० | |
| ३४ | केबुल नेटवर्किङ व्यवसाय (ग्राहक संख्याको आधारमा प्रतिग्राहक रू. १०) | १००० | |
| ३५ | इन्धन पसल (ग्यास, डिजल, पेट्रोल आदी) | ५०० | |
| ३६ | एकभन्दा बढी व्यवसाय एकै स्थानमा सञ्चालन भएको भए मुख्य व्यवसायको दर्ता वा नवीकरण मा अन्य प्रति व्यवसाय रू. १०० | | |
| ३७ | अन्य व्यवसाय प्रकृति अनुसार | ५००-१००० | |

**अस्थाई हाट बजार वा घुम्ती पसलः-** अस्थायी हाटबजारमा वा घुम्ति पसल राखी गरिने देहायको व्यवसायमा पटके रूपमा देहाय बमोजिम व्यवसाय कर:
घुम्ति कपडा पसल १०० रूपैयाँ
माथिको वर्गीकरणमा समाबेश नभएका सेवा, व्यवसायको कारोबार र स्तर हेरी बार्षिक नियमानुसार अधिकतम दररेट कायम गरिने छ ।
४. (क) तपसिल वमोजिमका व्यावसायबाट तपसिल वमोजिमको दर अनुसारको कर असुल उपर गरिने छ ।

| क्र.सं. | सवारीसाधन | पटके | मासिक |
|---|---|---|---|
| १ | ट्याक्टर | ५० | |
| २ | ट्याक्सी | ५० | |
| ३ | बस | १०० | |
| ४ | ट्रक, टिफरलगायत ठूला सवारी | १५० | |
| ५ | मिनी बस | ५० | |

## अनुसूची-५
## ऐनको दफा ६ सँग सम्बन्धित

**५. जडीवुटी जिवजन्तु करः-** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो जडिवुटी, वनकस, कवाडी माल र प्रचलित कानुन ले निषेध गरिएको जिवजन्तु वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यावसायिक कारोवार गरेवापत प्रचलित मूल्य बमोजिम प्रदेश सरकार र संघीय सरकारको निर्णय बमोजिम कर लगाईने र असुल उपर गरिने छ ।

## अनुसूची ६
## ऐनको दफा ७ सँग सम्बन्धित

**६. सवारी साधन करः-** गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनामा तोकिए वमोजिम सवारी साधन कर लगाईने छ र असुल उपर गरिने छ ।

## अनुसूची ७
## ऐनको दफा ८ सँग सम्बन्धित

**७. विज्ञापन करः-** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा तोकिए वमोजिम कर लागाईने छ र असुल उपर गरिने छ ।

## अनुसूची ८
## ऐनको दफा ९ सँग सम्वन्धित

**८. मनोरन्जन करः-** गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा तोकिए वमोजिम कर लगाईने र असुल उपर गरिने छ ।

## अनुसूची ९
## ऐनको दफा १० सँग सम्बन्धित

**९. वहाल विटौरी शुल्कः-** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसलमा निम्न बमोजिम वहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिने छ ।
मोराहाङ्ग बजार बिहीबारे हाट मा तथा तपसिल बमोजिम का अस्थायी व्यापार व्यावसायमा तपशिल बमोजिमको दररेट बमोजिम शुल्क लगाईने र असुल उपर गरिने छ ।

| क्र.सं. | व्यापारिक बस्तुको नाम | आ.ब. २०८०।०८१ | कैफियत |
|---|---|---|---|
| | | कायम दर रू. | |
| १ | कपडा पसल | १०० | |
| २ | अन्य पसल | ५० | |

आफ्नो क्षेत्रमा आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत प्रति बर्गफुट मासिक बहाल बिटौरी रू. २।– (अक्षरेपी दुई मात्र)

## अनुसूची १०
## ऐनको दफा ११ सँग सम्वन्धित

**१०. पार्किङ शुल्कः-** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत निम्न बमोजिम सवारी साधन पार्किङ्ग कर लगाईने छ र असुल उपर गरिने छ ।

१. बस रू. ५०

२. टयाक्सी रू. ३०

३. टयाक्टर रू. ५०

४. अन्य रू. २०

## अनुसूची ११
## ऐनको दफा १२ सँग सम्वन्धित

**११. सेवा शुल्क दस्तुरः-** यस गाउँपालिकाले निर्माण सञ्चालन र व्यावस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा निम्न अनुसार को सेवा शुल्क लगाईने र असुल उपर गरिने छ ।

**क. दस्तुरः-**

| सि.नं. | दस्तुर | आ.ब. २०८०।०८१ | कैफियत |
|---|---|---|---|
| | | सेवा शुल्क रू. | |
| १ | बंशजको आधारमा नागरिकता सिफारिस | २०० | |
| २ | नाम छुट तथा सनाखत नागरिकता सिफारिस | २०० | |
| ३ | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | ५०० | |
| ४ | नाता प्रमाणित | ३०० | |
| ५ | प्रतिलिपि नगारिकता सिफारिस | ३०० | |
| ६ | नाम, थर, जन्म मिति, ठेगाना, प्रहरी रिपोर्ट साथै जातीयता सम्बन्धि सिफारिस | २०० | |
| ७ | घर जग्गा तथा पेन्सन नामसारी सिफारिस | ५०० | |
| ८ | सम्बन्ध बिच्छेद सिफारिस | १५०० | |
| ९ | पानी, बिद्युत, टेलिफोन जडान सम्बन्धि सिफारिस | २०० | |
| १० | बिद्यालय स्तरबृद्धि सिफारिस | २००० | |
| ११ | अंग्रेजी भाषामा सिफारिस वा अंग्रजीमा रूपान्तरण | ५०० | |

| | | | |
|---|---|---|---|
| १२ | चार किल्ला प्रमाणित | ५०० | |
| १३ | मेला, उत्सब, महोत्सब लगाउने सिफारिस | प्रतिदिन ५०० | |
| १४ | ५ रोपनी भन्दा कम जग्गा प्लटिङ गर्नको लागि सिफारिस | ५००० | |
| १५ | ५ देखि १० रोपनी सम्म जग्गा प्लटिङ गर्नको लागि सिफारिस | १०००० | |
| १६ | १० देखि १५ रोपनी सम्म जग्गा प्लटिङ गर्नको लागि सिफारिस | १५००० | |
| १७ | संघसंस्था/समूह/सहकारी दर्ताको लागि सिफारिस/PAN दर्ता प्रमाणपत्र | ५०० | |
| १८ | अन्य विशेष प्रकृतिका सिफारिस | ३०० | |
| १९ | नक्सा प्रमाणित प्रतिपेज | ५० | |
| २० | जन्म प्रमाणित | ३०० | |
| २१ | मृत्यु प्रमाणित | २०० | |
| २२ | विवाह प्रमाणित | ३०० | |
| २३ | अविवाहित प्रमाणित | ३०० | |
| २४ | मोहीलगायत कट्टा सिफारिस | ५०० | |
| २५ | घरजग्गा करको लेखाजोखा गरी सिफारिस | ५०० | |
| २६ | व्यापार व्यावसाय बन्द भएको सञ्चालन नभएको वा व्यापार व्यावसाय हुँदै नभएको सिफारिस | ३०० | |
| २७ | निःशुल्क वा सशुल्क स्वस्थ्य उपचारको सिफारिस | | |
| २८ | पुर्जामा घर कायम गर्ने सिफारिस | ५०० | |
| २९ | फरक फरक नाम थर जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | २०० | |
| ३० | नामथर वा जन्ममिति संशोधनको सिफारिस गर्ने | ५०० | |
| ३१ | जग्गाधनी प्रमाण पुर्जा हराएको सिफारिस गर्ने | २०० | |
| ३२ | कित्ताकाट गर्ने सिफारिस | ३०० | |
| ३३ | जग्गाको हक सम्बन्धमा सिफारिस | ५०० | |
| ३४ | सर्जमिन प्रमाणित र सिफारिस | ७०० | |
| ३५ | उद्योग ठाउँसारीको सिफरिस | ५०० | |
| ३६ | जिवित रहेको सिफारिस | ३०० | |
| ३७ | विद्यालय खोल्ने सिफारिस | २००० | |
| ३८ | विद्यालय ठाउँसारी गर्न सिफारिस | १००० | |

| | | | |
|---|---|---|---|
| ३९ | पालन पोषणको लागि सिफारिस | २०० | |
| ४० | वार्षिक अम्दानी प्रमाणित Annual Income | प्रति हजार रू. २ | |
| ४१ | नाबालक परिचय पत्र सिफारिस | २०० | |
| ४२ | अपाङ्ग परिचय पत्र सिफारिस | १०० | |
| ४३ | **घर बाटो सिफारिस** | | |
| ४४ | घर बाटो नभएको सिफारिस | ३०० | |
| | घरबाटो भएको सिफारिस | ५०० | |
| | पुर्जा मा घर भएको तथा फिल्डमा नभएको सिफारिस | ५०० | |
| | वाटो कायम नेपाल सरकारको नाममा | २०० | |
| ४५ | संस्था नविकरण (१७ नं. बुँदा अनुसार वडाबाट हुने सिफारिस) | ५०० | |
| ४६ | हकवाला प्रमाणित सिफारिस | २०० | |
| ४७ | स्थायी/अस्थायी बसोबास प्रमाणित | २०० | |
| ४८ | एकाघरका संगोलमा रहेका सिफरिस | ५०० | |
| ४९ | तीन पुस्ते प्रमाणित | ३०० | |
| ५० | छात्रवृत्ति सिफारिस | २०० | |
| ५१ | भारतीय तथा ब्रिटिस गोर्खा सैनिकको नागरिकतामा नाम जन्म मिति सच्याउने सिफारिस | १५०० | |
| ५२ | भारतीय तथा ब्रिटिस गोर्खा सैनिकको पारिवारिक विवरण अन्य सिफारिस तथा पेन्सन नामसारी सिफारिस | १००० | |
| ५३ | व्यक्तिगत घटना दर्ता बिलम्ब दस्तुर | २०० | |
| ५४ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपि | ५०० | |
| ५५ | मदिरा उद्योग सिफारिस | ३००० | |
| ५६ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १००० | |
| ५७ | आर्थिक अवस्था कमजोर वा विपन्नता सिफारिस | ० | |
| ५८ | कोर्ट फि मिनाहा सिफारिस | २०० | |
| ५९ | व्यवसाय दर्ता सम्बन्धि सिफारिस (अन्य निकायमा) | ५०० | |
| ६० | जग्गा दर्ता सिफारिस (छुट दर्ता) | ५०० | |
| ६१ | खानेपानी मूल दर्ता | १००० | |
| ६२ | घरेलु साना उद्योग दर्ता | ५०० | |

| | | | |
|---|---|---|---|
| ६३ | उद्योग दर्ता सिफारिस | ५००० | |
| ६४ | रूख कटान सिफारिस (उतिस) प्रतिरूख | ३० | |
| ६५ | रूख कटान सिफारिस (चिलाउने, सल्ला) प्रति रूख | ४० | |
| ६६ | रूख कटान सिफारिस (खयर, साल, पात्ले) प्रति रूख | ४० | |
| ६७ | शैक्षिक प्रमाणपत्र प्रतिलिपि | ५०० | |
| ६८ | संस्था दर्ता प्रमाणपत्र (गाउँपालिकाबाट जारी हुने) | १००० | |
| ६९ | शिक्षण संस्था दस्ता/स्वीकृति/अनुमति | ५००० | |
| ७० | सहकारी संस्था दर्ता प्रमाणपत्र/कृषक समूहलगायत अन्य | १००० | |
| ७१ | कन्सुलर प्रमाणित दस्तुर (प्रति पृष्ठ) | २०० | |
| ७२ | संस्था नविकरण | ५०० | |
| ७३ | संघसंस्था/सहकारी/क्लब विधान संशोधन शुल्क | ५०० | |
| ७४ | संघसंस्था/सहकारी/क्लब विधान संशोधन सिफारिस शुल्क | २०० | |
| ७५ | कार्यालय प्रयोजन सिफारिस शुल्क | ५०० | |
| ७६ | सरूवा सहमति/तलब प्रमाणित | ५०० | |
| ७७ | जेसीबी सञ्चालन शुल्क (डिजेलसहित) | ३२०० | |
| ७८ | जेसीबी सञ्चालन शुल्क (डिजेलबाहेक) | १२०० | |
| ७९ | वडा तथा गाउँपालिकाबाट अन्य निकायमा गरिने योजना सम्बन्धि सिफारिस | २०० | |
| ८० | वडाबाट गाउँपालिकामा गरिने योजना सम्बन्धि सिफारिस | १०० | |
| ८१ | बैंक खाता खोल्ने/बन्द गर्ने/परिवर्तन गर्ने सिफारिस दस्तुर | ५० | |
| ८२ | ठेक्का सम्बन्धि/ग्यारेन्टी फुकुवाको सिफारिस दस्तुर | ५०० | |
| ८३ | पशु चौपाया बिरामी जाँच दस्तुर | २० | |
| ८४ | गोबर जाँच दस्तुर | २० | |
| ८५ | बन्ध्याकरण (बोका, बंगुर) | ३० | |
| ८६ | बन्ध्याकरण (साढे) | १०० | |
| ८७ | पशु चौपाया निकासी सिफारिस बापत | ३०० | |
| ८८ | निरोगिता प्रमाणपत्र दस्तुर | ५०० | |
| ८९ | स्वास्थ्य संस्थाबाट हुने सिफारिस (विपन्न खुलेमा) | ० | |
| ९० | स्वास्थ्य संस्थाबाट हुने सिफारिस (अन्य) | २०० | |

| | | | |
|---|---|---|---|
| ९१ | स्वास्थ्य संस्थाबाट हुने स्वास्थ्य परीक्षणका दस्तुर | | |
| ९२ | VDLR | 100 | |
| ९३ | HIV | 0 | |
| ९४ | HBSAg, NA/K+ | 200 | |
| ९५ | BG | 60 | |
| ९६ | ANC PACKAGE | 510 | |
| ९७ | X-RAY | 350 | |
| ९८ | HCV, CRP, ECG, S-Calcium, CBC, Anylase, RA Factor, ECG | 200 | |
| ९९ | Blood Group | 60 | |
| १०० | RFT | 650 | |
| १०१ | USG | 500 | |
| १०२ | Occult Blood, Uric Acid, UPT, VDRL | 100 | |
| १०३ | HB, ESR, Urine RE/ME, Stool RE/ME, BT, CT | 30 | |
| १०४ | LFT | 650 | |
| १०५ | Bilirubin T/D | 115 | |
| १०६ | h. Pylori | 500 | |
| १०७ | Troponin-1 | 700 | |
| १०८ | RBS (PP/f) | 90 | |
| १०९ | WIDAL | 120 | |
| ११० | LIRID Profile | 650 | |
| १११ | I&D, Suture, Back Slab Application | 100 | |
| ११२ | Suture Out | 50 | |
| ११३ | Dressing | 20 | |
| ११४ | Minor OT (Lipoma/cyst) | 200 | |
| ११५ | Minor OT (Corn) | 100 | |
| ११६ | Cast Application | 200 | |
| ११७ | Cast Remove | 50 | |
| ११८ | Black Slab Application | 100 | |

सामूदायिक बन वा सार्बजनिक संस्थाका रूख कटान गर्नु पर्दा माथि उल्लेखित दरको दोब्बर लाग्ने छ ।

**ख. टिकट तथा निवेदन दस्तुरः-**

| क्र.सं. | दस्तुर | रकम | कैफियत |
|---|---|---|---|
| १ | साधारण निवेदन दर्ता | | |
| २ | सिफारिस माग निवेदन दर्ता | | |
| ३ | मुद्दा/उजुरी निवेदन दर्ता | २०० | |
| | तारेक/मिलापत्र तथा सहमति | २०० | |
| ५ | सम्बन्ध विच्छेद निवेदन दर्ता | १००० | |
| ६ | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस | २०० | |

**ग. घर नक्सा पास दस्तुर**

| क्र.सं. | दस्तुर | रकम | कैफियत |
|---|---|---|---|
| १ | कम्पाउण्ड बाल प्रति रनिङ्ग फिट | १ | |
| २ | कच्ची घर प्रति वर्ग फिट ग्रामीण क्षेत्र | १ | |
| ३ | लोड वाइरिङ्ग घर प्रति वर्ग फिट (कच्ची सडक) | ३ | |
| ४ | आर.सी.सी. घर प्रति वर्ग (कच्ची सडक) | ४ | |
| ५ | आर.सी.सी. घर प्रति वर्ग (पक्की सडक) | ५ | |
| ६ | लोड वायरिङ्ग घर प्रति वर्ग फिट (पक्की सडक) | ४ | |
| ७ | नक्सा संशोधन साविक माथि २० प्रतिशत थप | | |
| ८ | हरित आवास गृह निर्माण गर्नेको लागि लाग्ने दस्तुरको ४० प्रतिशत छुट | | |
| ९ | लेआउट प्रति वर्ग फुट | १ | |

**घ. आयस्रोत तथा चल/अचल सम्पत्ति मूल्याङ्कन**

| क्र.सं. | सम्पत्ति | रकम | कैफियत |
|---|---|---|---|
| १ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस १० लाख सम्म | १००० | |
| २ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस २० लाख सम्म | २००० | |
| ३ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस ३० लाख सम्म | ३००० | |
| ४ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस ५० लाख सम्म | ५००० | |
| ५ | चल अचल सम्पत्ति, आयस्रोत प्रमाणित सिफारिस ५० लाखभन्दा माथि प्रत्येक १० लाख थप | २००० | |

## अनुसूची १३
## ऐनको दफा १४ सँग सम्वन्धित

**१२. पर्यटन शुल्कः-** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट तोकिए वमोजिम दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।